# मिति २०७५।३।२५ गते बसेको बागमती नगरपालिका , नगरसभा बैठकको प्रस्ताव तथा निर्णयहरु :

प्रस्तावहरु :

प्रस्ताव नं. १, पेश भएका विद्येयक पारित सम्बन्धमा

प्रस्ताव नं. २, आय ब्यय अनुमान, बजेट,निति, कार्यक्रम र योजना पारित सम्बन्धमा

प्रस्ताव नं. ३, खर्च समर्थन सम्बन्धमा

प्रस्ताव नं ४, जग्गा प्राप्ति सम्बन्धमा

प्रस्ताव नं.५, ऋृण लिने अधिकार सम्बन्धमा

प्रस्ताव नं. ६, आ.व. २०७४।७५ को योजनाको भुक्तानी तथा म्याद थप सम्बन्धमा

प्रस्ताव नं. ७, कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा

प्रस्ताव नं ८, सेवा करारमा जनशक्ति लिने सम्बन्धमा

प्रस्ताव नं ९, लेखा परीक्षण सम्बन्धमा

प्रस्ताव नं १०, फन पार्क निर्माण सम्बन्धमा

प्रस्ताव नं ११, पोखरी निर्माण सम्बन्धमा

प्रस्ताव नं. १२, बहुबर्षे योजना सम्बन्धमा

प्रस्ताव नं १३, न्यायिक समिति अनुमोदन सम्बन्धमा

प्रस्ताव नं. १४, पारित कार्यक्रम सञ्चालन सम्बन्धमा

प्रस्ताव नं. १५, आन्तरिक आय संकलन विधि सम्बन्धमा

प्रस्ताव नं १६, खरिद ब्यवस्थापन सम्बन्धमा

प्रस्ताव नं १७, नगरसभा तथा नगरपालिका बैठक भत्ता सम्बन्धमा

प्रस्ताव नं. १८, कर्मचारीको तलव सम्बन्धमा

प्रस्ताव नं. १९, पोशाक भत्ता सम्बन्धमा

निर्णयहरुः

निर्णय नं १ )

प्रस्ताव नं. १, पेश भएका विद्येयक पारित सम्बन्धमा छलफल गर्दा यस नगरसभामा नगरप्रमुख श्री भरत कुमार थापा ज्युबाट पेश भएको तपशिलको विद्येकहरु सर्वसम्मत बाट पारित गर्ने निर्णय गरियो :

क) बागमती नगरपालिकाको आर्थिक विद्येयक, २०७५

ख) बागमती नगरपालिकाको विनियोजन विद्येयक, २०७५

ग) बागमती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विद्येयक, २०७५

घ) बागमती नगरपालिकाको न्यायिक समिति ( कार्यविविध सम्बन्धि) विद्येयक,२०७५

ड.) वागमती नगरपालिकाको सहकारी विद्ययेक,२०७५

निर्णय नं २)

प्रस्ताव नं. २, आय ब्यय अनुमान, बजेट,निति, कार्यक्रम र योजना पारित सम्बन्धमा छलफल गर्दा यस नगरसभामा उपप्रमुख श्री लिला कुमारी मोक्तान ज्युबाट पेश भएको आ.व.२०७५।७६ को आय ब्यय अनुमान बजेट, निति, कार्यक्रम र योजना सर्वसम्मत बाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३)

प्रस्ताव नं. ३, खर्च समर्थन सम्बन्धमा छलफल गर्दा आ.व. २०७४।७५ मा विभिन्न आम्दानीको आनुमानित श्रोतहरुको श्रोतान्तर गरि भएका खर्चहरु समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४)

प्रस्ताव नं ४, जग्गा प्राप्ति सम्बन्धमा छलफल गर्दा बागमती नगरपालिका बडा नं.११ को प्रस्तावित फन पार्क निर्माण गर्न आवश्यक जग्गा प्राप्ति गर्ने निर्णय गरियो र नगरपालिकाको कुनै परियोजना सञ्चालन गर्न जग्गा प्राप्त गर्नु परेमा सो को निर्णय गर्ने अधिकार नगरकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५)

प्रस्ताव नं.५,ऋण लिने अधिकार सम्बन्धमा छलफल गर्दा नगरपालिकाको कुनै परयोजना सञ्चालन गर्न ऋण लिनु पर्ने अवस्था आएमा नगरकार्यपालिकालाई ऋण लिने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ६ )

प्रस्ताव नं. ६, आ.व. २०७४।७५ को योजनाको भुक्तानी तथा म्याद थप सम्बन्धमा छलफल गर्दा आ.व. २०७४।७५ मा सम्पन्न भई भुक्तानी हुन बाकिं रहेका तथा सम्झौता भइ सम्पन्न हुन बांकी रहेका योजनाहरुको भुक्तानी आ.व. २०७५।०७६ को बजेटबाट गर्ने सर्वसम्मत निर्णय गरियो । आ.व. २०७४।७५ मा सम्झौता भइ कार्यसम्पन्न हुन बांकी योजनाहरुको म्याद थप गर्ने अधिकार नगरकार्यपालिकालाई प्रत्यायोजन गर्ने र नगरकार्यपालिकाले आवश्यक निर्णय गरि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं ७)

प्रस्ताव नं. ७, कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा छलफल गर्दा नगरपालिकामा कार्यरत कर्मचाहरुको सुचक बनाई कार्यसम्पदान मुल्यांकनको आधारमा २० प्रतिशत सम्म थप प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ८)

प्रस्ताव नं ८, सेवा करारमा जनशक्ति लिने सम्बन्धमा छलफल गर्दा नगरपालिकाको सेवा प्रवाहलाई व्यवस्थित गर्न प्राविधिक सेवा, कम्प्युटर सेवा,सुचना प्रविधि सम्बन्धि सेवा, कार्यालयको हेरचाह सम्बन्धि सेवा, चिठी पत्र आदान प्रदान, सरसफाइ सम्बन्धि सेवा वा कुनै परियोजना सञ्चालन गर्न सेवाको आवश्यकता भएमा आन्तरिक आयको आधारमा करार सेवामा जनशिक्त लिइ परिचालन गर्ने निर्णय गरियो । सो सम्बन्धमा नगरकार्यपालिकाले आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

## निर्णय नं ९)

प्रस्ताव नं ९, लेखा परीक्षण सम्बन्धमा छलफल गर्दा नगरपालिकाको आन्तरिक लेखा परीक्षण अर्को व्यवस्था नभए सम्म कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउने निर्णय गरियो ।

## निर्णय नं. १०)

प्रस्ताव नं १०, फन पार्क निर्माण सम्बन्धमा छलफल गर्दा बागमती नगरपालिका वडा नं ११ मा फन पार्क निर्माण गर्न जग्गा प्राप्ति गर्ने र सो को लागि आवश्यक बजेट नेपाल सरकार अनुदान, नगरपालिकाको बजेट, प्रदेश सरकार अनुदानबाट व्यवस्था गर्ने तथा सो बाट व्यवस्था हुन नसेकेमा नगर विकास कोष तथा अन्य दातृ निकाय बाट ऋण तथा अनदान लिइ बजेट व्यवस्था गर्ने सम्पुर्ण अधिकार नगरकार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११)

प्रस्ताव नं ११, पोखरी निर्माण सम्बन्धमा छलफल गर्दा बडा नं. १२ को बुढी बागमती खोलाको पर्ति खालि जग्गामा पोखरि निर्माण गर्ने र सो बाट उत्खनन भइ निस्किएका ढुंगा,गिटी,वालुवा तथा माटो नगरकार्यपालिकाले निर्णय गरि विक्रि गर्ने निर्णय गरियो । सो सम्बन्धी आवश्यक प्रारुप तयार गर्ने सम्पुर्ण जिम्मेवारी नगरकार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं १२)

प्रस्ताव नं. १२, बहुबर्षे योजना सम्बन्धमा छलफल गर्दा संलग्न योजनाहरु मध्येका योजनाहरुलाई नगरकार्यपालिकाले कार्यान्वयन तालिका बनाई बुहवर्षिय योजनाको रुपमा सञ्चालन गर्न सक्ने निर्णय गरियो ।

## निर्णय नं. १३)

प्रस्ताव नं १३, न्यायिक समिति अनुमोदन सम्बन्धमा छलफल गर्दा प्रचलित कानून बमोजिम गठित बागमती नगरपालिकाको तपशिल बमोजिमको सदस्यहरु रहेको न्यायिक समिति सर्वसम्मतबाट अनुमोदन गर्ने निर्णय गरियो :

क) श्री लिला कुमारी मोक्तान( उप प्रमुख) : संयोजक

ख) श्री प्रदिप आचार्य ( वडा अध्यक्ष, वडा नं ११) : सदस्य

ग) श्री गम्भिर सिं पाख्रिन ( वडा अध्यक्ष, वडा नं. १ ) : सदस्य

## निर्णय नं. १४)

प्रस्ताव नं. १४, पारित कार्यक्रम सञ्चालन सम्बन्धमा छलफल गर्दा नगरसभाबाट पारित कार्यक्रम तथा योजनाहरु सम्भव भए सम्म सवै सञ्चालन गर्ने र श्रोत को अपर्याप्तता भएमा आ.व. २०७४।७५ को पारित कार्यक्रम तथा योजनाहरुको हकमा आ.व. २०७५।७६ को बजेटमा र आ.व. २०७५।७६ को पारित कार्यक्रम र योजनाहरुको हकमा आ.व. २०७६।७७ को बजेटमा समावेश गरि भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. १५)

प्रस्ताव नं. १५, आन्तरिक आय संकलन विधि सम्बन्धमा छलफल गर्दा नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्यविध तयार गर्ने आधिकार नगरकार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो। कार्याविधि तयार नहुंदा सम्म राजश्व परामर्श समितिको सिफारिश समेतको आधारमा आवश्यक निर्णय गर्ने सम्पुर्ण अधिकार नगरकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं १६)

प्रस्ताव नं १६, खरिद ब्यवस्थापन सम्बन्धमा छलफल गर्दा नगरपालिकामा खरिद सम्बन्धि छुटै कानून नवने सम्म सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियामावली,२०६४ बमोजि गर्ने र सो को ब्याख्या नगरपालिकासंग मिल्ने गरि गरिने निर्णय गरियो ।

## निर्णय नं. १७

प्रस्ताव नं १७, नगरसभा तथा नगरपालिका बैठक भत्ता सम्बन्धमा छलफल गर्दा आ.व. २०७५।७६ देखि लागु हुने गरि नगरकार्यपालिका तथा वडा समिति बैठकको रु.२०० तथा नगरसभा बैठकको रु.५०० प्रति बैठक आतेजाते खर्च उपलब्ध गराउने तथा नगरकार्यपालिका बैठक र वडा समिति बैठकको हकमा महिनामा एक पटक मात्र आतेजाते खर्च उपलब्ध गराउने निर्णय गरियो । साथै अन्य सवै प्रकारको बैठकहरुको आते जाते खर्च रु २०० उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. १८)

प्रस्ताव नं. १८, कर्मचारीको तलव सम्बन्धमा छलफल गर्दा साविक गा.वि.स.मा लामोसमय देखि कार्यरत आस्थायी तथा स्थायी कर्मचारी कम तलवमा कार्य गरिरहेको हुंदा उक्त कर्मचारीहरुको कार्यसम्पादनको मुल्यांकन गरि तलव थप घट गर्ने आधिकार नगरप्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## निर्णय १९)

प्रस्ताव नं. १९, पोशाक भत्ता सम्बन्धमा छलफल गर्दा नगरकार्यपालिका सदस्यहरु सवैलाई र नगरकार्यपालिकामा कार्यरत करार कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिम पोशाक भत्ता उपलब्ध गारउने तथा नगरकार्यपालिका सदस्यहरुको हकमा कर्मचारीको बरबर उपलब्ध गराउने निर्णय गरियो ।